# चौरपाटी गाँउपालिकाको

# लैङ्गिक समानता तथा सामाजिकसमावेशीकरण मुलप्रवाहीकरण रणनीति २०७९

चौरपाटी गाँउपालिका
गाँउपालिका कार्यपालिकाको कार्यालय
चौरपाटी, अछाम ।

प्रमाणीकरण भएको मिति २०७९।०३।१०

## बिषय– सुची


**परिच्छेद १ : लैससास रणनीतिको पृष्ठभूमि तथा परिचय**

१.१. पृष्ठभूमि

१.२. चौरपाटी गाँउपालिकाको संक्षिप्त परिचय

१.३. लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया

१.४ संक्षिप्त नाम र परिभाषा

**परिच्छेद २ लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण, लक्षीत समूह, लैससास सम्बन्धी सवाल एबं सरोकारवाला बिश्लेषण**

२.१. चौरपाटी गाँउपालिकाको राजनैतिक, सामासजक र आार्थिक अवस्था बिश्लेषण

२.२. लक्षित समुदाय प्राथमिकिकरण र सवाल पहिचान

२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला बिश्लेषण

**परिच्छेद ३ चौरपाटीगाँउपालिकाकोSWOT Analysis**

३.१गाँउपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती बिश्लेषण

३.२ लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीतिको औचित्य

**परिच्छेद ४ लैससास रणनीतिको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, मुल्यमान्यता र औचित्यता**

४.१ लैससास मूलप्रवाहीकरण रणनीतिको दीर्घकालिनसोच

४.२ लैससास मूलप्रवाहीकरण रणनीतिको लक्ष्य

४.३ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु

४.४ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता

**परिच्छेद ५ लैससास सम्बन्धी प्रमुख नीति,रणनीति तथा कार्यनीतिहरु**

५.१ लैससास मूलप्रवाहीकरण नीति

५.२ लैससास मूलप्रवाहीकरण रणनीतिहरु

५.३. लैससास मूलप्रवाहीकरण कार्यनीतिहरु

**परिच्छेद ६ लैससास रणनीति कार्यान्वयन तथा अनुगमन**

६.१लैससास रणनीति कार्यान्वयनको लागि कार्ययोजना

६.२संस्थागत संरचना/ब्यबस्था

६.३ रणनीति कार्यान्वयनमा आउन सक्ने सम्भावित तथा जोखिम न्यूनिकरणका उपायहरु

**परिच्छेद ७ रणनीतिको पुनरावलोकन तथा सुधार**

**परिच्छेद ८ बाधा अडचन फुकाउने**

**परिच्छेद ९ अनुसूची :**

अनुसुची १ लैससास मुलप्रवाहीकरण अभमुिखीकरण एवम् समूह छलफलका सहभागिहरुको बिवरण

अनुसुची २. लैससास मुलप्रवाहीकरण रणनीति निर्माणका लागि नगरपालिकास्तरीय कार्यदलको बिबरण

अनुसुचि ३ लैससास मुलप्राहीकरण रणनीति निर्माण क्रममा अध्ययन तथा बिश्लेषण गरिएका दस्ताबेजहरुको सुची

अनुसुचि ४ . कार्यकम सम्बन्धी फोटोहरु


चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

## १.१पृष्ठभूमि

नेपालको संविधानले नेपालमा तीन तहको सरकार र त्यसै अनुसार साझा र एकल रुपमा प्रयोग गर्न पाउने गरि अधिकारको बाडफाँड गरेको छ । यसरी हेर्दा स्थानीय तहको सरकार जनतासँग प्रत्यक्ष सम्पर्क र सरोकार राख्ने सरकार हो । यसले राजनीतिक शक्ति, संस्था तथा नागरिक बीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गर्दछ । संविधान प्रदत्त प्रावधानहरूको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरू कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । नेपालको संविधानलाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ ।

नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसै गरि धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसै गरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरि सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ । त्यसै गरि राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका अलावा अरु संख्यामा पनि महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थिति छ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

नेपालको संविधानले महिला अधिकारसम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि परेको वर्ग, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा ब्यक्त प्रतिबद्धताहरूलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले तदनुसार लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरूको समान पँहुच सुनिश्चित गर्ने आदि उदेश्यहरू पन्ध्रौं योजनाको उदेश्यको रुपमा राखेकोछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घर परिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ ।

त्यस्तै सोही ऐनकोदफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरि महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, दलित, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदैलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्नेव्यवस्थालाई जोड दिएको छ । त्यस्तैवडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले चौरपाटी गाँउपालिकामा नगर भित्र बालविवाह, बह-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दाइजो प्रथा, हलिया प्रथा, छाउपडी, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेकोछ ।

## १.२ चौरपाटी गाँउपालिकाको संक्षिप्त परिचय

चौरपाटी गाँउपालिका सुदूरपश्चिम प्रदेश सेती अञ्चल अछाम जिल्लामा रहेको छ । यस गाँउपालिकाको सिमान पूर्व दक्षीणमा मंगलसेन, पश्चिम दक्षिणमा डोटी जिल्ला, उत्तरमा खप्तड राष्ट्रिय निकुन्ज र साँफेबगर नगरपालिका रहेका छन । यस गाँउपालिकाको वि.सं. २०७२ साल भाद्र ३० गतको नेपाल सरकारको निर्णयबाट अछाम जिल्लमको साविकको सिउडी, सोकट, पायल, लुङ्रा, मार्कु र दुनी गा.वि.स. मिलाएर चौरपाटी गाँउपालिकाघोषणा भएको हो । हाल यस नगरपालिकामा ७वटा वडाहरु रहेका छन । चौरपाटी गाँउपालिकाको क्षेत्रफल १८२.१६बर्ग किमी रहको छ ।यस गाँउपालिकामा जम्मा जनसंख्या २५१४९

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

रहेको छ । चौरपाटी गाँउपालिकासमुद्र सतहबाट करिव ५३० मीटर देखि २३०० मी उचाईमा अवस्थित प्राकृतिक तथा सांस्कृतिक उत्कृष्टता बोकेको क्षेत्र हो । भौगोलिक अवस्थितिको हिसावले २९°१८'७८" उत्तरी अक्षांश र ८१°१४'२४"पूर्वी देशान्तरमा फैलिएको छ । भौगोलिक विविधता भएको कारण यहाँको हावापानी उचाई तथा समय अनुरुप फरक फरक छन् । अत्यन्त गर्मी हावापानीदेखि अति ठण्डा हिमाली हावापानीले गर्दा जैविक विविधता एवं वातावरणीयविविधताको दृष्टीले यो ठाँउ निकै प्रसिद्द छ ।

**१.३ लैससास रणनीति निर्माणको उद्देश्य, बिधि तथा प्रक्रिया**

समावेशी विकासका लागि महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक लगायत सिमान्तकृत, विभेद र वञ्चितीकरणमा परेका वा पारिएका वर्गलाई विकासको मूलप्रवाहमा ल्याउनु यस रणनितिको मुख्य उद्देश्य रहेको छ ।

- जातजाति, लिङ्ग, वर्ग, अपाङ्गता तथा उमेरका आधारमा विभेद रहेका महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यकतथा सिमान्तकृत र विपन्न वर्गलाई सशक्तिकरणका माध्यमबाट स्रोतसाधनमा समानुपातिक पहुँच बनाउनु,
- लैससास, सम्बन्धी मुद्दाहरुलाई क्रसकटिगंको रुपमा बिकास प्रकृयामा समावेश गर्नु,
- लैससास रणनितिका माध्यमबाट गाँउपालिकाको योजना, कार्यक्रम, सेवा प्रवाह र संस्थागत संरचनालाई लैससास संवेदनशील तथा उत्तरदायी बनाउनु ।

**लैससास रणनीति निर्माणको बिधि तथा प्रक्रिया**

चौरपाटी गाँउपालिकाका सरोकारवालाहरु जनप्रतिनिधि, कर्मचारी, र अन्य सम्बन्धित सरोकारवालाहरुको सहभागितामा गहन छलफलका साथ लैससास सम्बन्धी आवस्यकता, समस्या, अवसर र चुनौतिको पहिचान गरि यो रणनीति तयार गरि कार्यपालिकाबाट पारित गरिएको हो । रणनीति निर्माणमा सरोकारवालाहरुको सहभागिता रहेको ले यो रणनीति प्रति सबै सरोकारवालाको अपनत्व बिकास भई प्रभावकारी कार्यान्वयनमा सहजता आउने छ । रणनीति तयार गर्ने क्रममा लैससास सम्बन्धी राष्ट्रिय कानुन तथा नीति र अन्तराष्ट्रिय कानुनहरुको स्थानीयकरण हुने गरी सम्बन्धीत नीति तथा कानुनहरुलाई आधार मानिएको छ ।

**१.४ संक्षिप्त नाम र परिभाषा..**

यस रणनीतिको नाम **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०७९"** रहने छ र यो चौरपाटी गाँउपालिकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ । .

**परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

**क) "रणनीति"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति २०७९ सम्झनु पर्दछ ।

**ख) "स्थानीय तह"** भन्नाले गाँउपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

**ग) "गाँउपालिका"** भन्नाले चौरपाटी गाँउपालिका सम्झनुपर्दछ ।

**घ) "कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका आयोजनाहरूको संयोजित रुप सम्झनु पर्छ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, नगर सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

च) **"सामाजिक वञ्चितीकरण"** भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनु पर्छ ।

छ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्य सम्पादनका प्रकृयाहरूमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

ज) **"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

झ) **"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

ञ) **"विकास साझेदार"** भन्नाले नेपाल सरकार सँग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

ट) **"टोल विकास संस्था"** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालनको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्छ ।

ठ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ड) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरूमा आधारित संस्था सम्झनु पर्छ ।

ढ) **"गैर-सरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तह सँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर-नाफामूलक संस्था सम्झनु पर्छ ।

ण) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एबं अधिकतम् उपयोग गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

त) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाति, अपाङ्ग, जेष्ठ नागरिक, बाल-बालिका एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

थ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

द) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ध) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरूको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

न) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्दछ ।

प) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

फ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुन:सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्दछ ।

ब) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, अपाङ्गता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरि गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्दछ ।

भ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

म) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला, दलित तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

य) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

र) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, द्वन्द पिडीत,अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

ल) **"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

व) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई.भि. संक्रमित व्यक्ति तथा अन्य बञ्चितीकरणमा परेका समुहहरूको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

श) **"सार्वजनिक परीक्षण"** भन्नाले वित्तीय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरू प्रति सेवा प्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनु पर्दछ ।

ष) **"सामाजिक परीक्षण"** भन्नाले सस्थाद्वारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डहरूको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्ने प्रकृयालाई सम्झनु पर्दछ ।

स) **"गरिबी नक्शाङ्कन"** गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घरपरिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरणबारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ ।

ह) **"लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, दलित, पिछडिएकोवर्ग, अपाङता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

**परिच्छेद २**

**लैससासको बिद्यमान अवस्था तथा सन्दर्भ बिश्लेषण, लक्षित समूह, लैससास सम्बन्धी सवाल एबं सरोकारवाला बिश्लेषण**

## २.१. चौरपाटी गाँउपालिकाको राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण :

चौरपाटी गाँउपालिकाको बिद्यमान राजनैतिक, सामाजिक र आर्थिक अवस्था बिश्लेषण गरिएको छ । क्षेत्रगत बिश्लेषणले गाँउपालिकाले आगामी दिनमा लैससासको क्षेत्रमा के कस्तो आर्थिक, सामाजिक र राजनैतिक योजना तथा नीति कार्यक्रमहरु तर्जुमा, कार्यान्वयन गर्ने भन्ने बिषयहरु पहिचान गरी ती समस्याहरुको निराकरण गर्न सहयोग गर्नेछ ।

### २.१.१. राजनैतिक अवस्था

यस गाँउपालिकाका अधिकांश नागरिकहरु राजनैतिक रुपमा सचेत भएपनि स्थानीय सरकार र राज्यका हरेक निकायको नेतृत्व तहमा महिला, दलित लगायत पछाडी परेको समुदायको सहभागिता अपेक्षाकृत बृद्धि हुन सकेको पाइदैन । महिला लगायत लक्षित समूहलाई राजनीतिमा सहभागिता बृद्धिका लागि परिवार तथा समाजबाट सहज वातावरण सृजना गर्न आवश्यक देखिन्छ । महिला, दलित लगायत बञ्चित समुदायलाई राजनैतिक चेतनास्तर बढाउन स्थानीय राजनैतिक दल लगायत गाँउपालिकाबाट जनचेतना अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन हुन जरुरी छ । यस गाँउपालिकामा समावेशीकरणको अवस्था जिल्लाको अन्य पालिकाको भन्दा तुलनात्मकरुपमा राम्रो रहेता पनि पूर्णरुरुपमा मुलप्रवाहीकरणमा समाहित भइ सकेको मान्न सकिने अवस्था छैन । समग्रमा महिला, दलित जनजाती संख्या बिश्लेषण गर्दा राजनैतिक भूमिकामा सकारात्मक प्रतितिनिधित्व भएपनि निर्णायक भूमिकामा गाँउपालिकाको उपप्रमुख महिला १ जना(

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

बि.सं.२०७४ देखि २०७९ कार्यकाल) रहेको पाइन्छ । गाँउपालिका प्रमुख लगायत वडा अध्यक्षमा महिला सहभागिता सुन्य रहेको छ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समाबेशी सहभागिताको कानुनी प्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि राजनैतिक दल लगायत स्थानीय सरकारबाट बिशेषगरी लक्षित बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्नुपर्ने देखिन्छ ।

### २.१.२. सामाजिक अवस्था बिश्लेषण :

चौरपाटी गाँउपालिकामा बिभिन्न जातजाती, बर्ग, लिंग, धर्म मान्ने समुदायको बसोवास रहेको छ । पुरातनवादी सोच, पितृसत्तात्मक समाजिक संरचना, समेत रहेको यस गाँउपालिकामा छाउपडी प्रथा, लैंगिक बिभेद, धामीझाक्री प्रथा, बाल बिबाह, जातिय बिभेद, घरेलु हिंसा, अत्यधिक मदिरा सेवन गरी हुने सामाजिक बिकृति र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै रहेको छ । पुरुषलाई महत्व दिने परिवार तथा समाजले महिलाको समान अस्तित्वलाई स्विकार गर्न नसकेका कारण निर्णायक भूमिकामा महिला सहभागिता र अवसरमा तथा सुचनामा पहुँच न्यून छ ।

### २.१.३. आर्थिक अवस्था :

यस गाँउपालिकामा समान कामको समान ज्याला सुनिश्चित हुन नसक्दा अर्थतन्त्रमा महिलाको पहुँच न्यून रहेको पाइन्छ । यहाँका अधिकाँश पुरुष र केही महिला समेत रोजगारीका लागि भारत लगायत अन्य मुलुकहरुमा जाने अवस्था विद्यमान छ । स्थानीयस्तरमा रोजगार श्रृजना हुन नसक्नु यहाँको आर्थिक क्षेत्रको लागि चुनौती रहेको छ ।

### २.२ लक्षित समुदाय नक्सांकन तथा प्राथमिकिकरण र सवाल पहिचान :

चौरपाटी गाँउपालिकाले महिला, दलित, अति विपन्न सिमान्तीकृत वर्गलाइ निरन्तर बजेट बिनियोजन र कार्यान्वयन गरेको देखिए तापनि सामाजिक समावेशीकरण र मुलप्रवाहीकरणकालागि यसगाँउपालिकाले समुदायतहमा सर्बेक्षण गरी लक्षित समूहको एकिन तथ्यांक पहिचान गरेको र प्राथमिकिकरण गर्न सकेको देखिएन । गाँउपालिकाको बिभिन्न तहको छलफलबाट तयार गरिएको आधारहरुलाई बिश्लेषण गर्दा सबै वडाहरुमा लक्षित समूह छरिएर रहेको पाइन्छ । लक्षित समूह र तिनका मुख्य सवालहरु निम्न बमोजिम उल्लेख गरिएको छ ।

| २.२.१ चौरपाटी गाँउपालिकाका **लक्षित समूह प्राथमिकिकरण** | **२.२.२. लक्षित समूहका सवालहरु** |
|---|---|
| १. महिला/एकल महिलाका सवालहरु | ▪ योजना छनौटदेखि सम्पन्न सम्मका चरणहरुमा महिलाको सहभागिता न्यून हुने गरेको ।<br>▪ नीति निर्माण तहमा अर्थपुर्ण सहभागिता न्यून रहनु र नेतृत्व तहमा महिलाको सहभागितालाई सहजै स्विकार गर्न नसक्नु ।<br>▪ अधिकांश महिलालाई आफ्नो अधिकार र कानुनबारे जानकारी नहुनु ।<br>▪ गर्भवती महिलालाई स्वास्थ्य सेवा सम्वन्धी सूचनामा पहुँच तथा पोषण सम्वन्धी जानकारी नहुदा स्वास्थ्यको जोखिममा पर्नु । अछाम जिल्लामा |


चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

| | |
|---|---|
| | निशुल्करुपमा गर्भवतीलाई सरकाद्धारा गरिने हवाई उद्धार बारे समेत सवै महिला सुसुचित हुन नसक्नु ।<br>▪ अत्यधिक मदिरा सेवनका कारणबाट हुने घरेलु हिंसा, लैंगिक हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यबहार र बिभेदबाट पिडित हुनु ।<br>▪ छाउपडी कुप्रथा र धामीझाक्री प्रथा कायमै रहनु ।<br>▪ आर्थिक स्रोतमा पहुँच तथा नियन्त्रणमा कमि हुनु र शिक्षामा समान पहुँच नहुनु ।<br>▪ चेतनाको कमी । |
| २. बालबालिकाका सवालहरु | ▪ बालश्रम, बाल यौन दुर्व्यबहार, बालविवाह तथा शोषण लगायतका बिभेद जन्य कार्य कायम रहनु ।<br>▪ बालमैत्री संरचना /व्यवहार /खेल मैदान /बालउद्यान नहुनु ।<br>▪ बलिकाहरुमा आत्मरक्षा शिप नहुनु ।<br>▪ बेसाहारा तथा अबिभावक बिहिनताका कारण संरक्षणको अभाव ।<br>▪ बालकहरु बालश्रमिकको रुपमा भारत जानु । |
| ३. अपांगता भएका व्यक्ति | ▪ समान अवसरबाट बञ्चित साथै सार्बजनिक सेवा तथा स्रोतमा सहज पहुँच नहुनु ।<br>▪ अपहेलना मानसिक यातना,अपमानजनक ब्यबहार तथा यौनजन्य दुर्व्यबहारको शिकार हुनु ।<br>▪ अपांगमैत्री संरचना नहुदा सार्वजनिक स्रोत तथा सेवामा पहुँच कमि हुनु ।<br>▪ अपांगता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता नहुनु । |
| ४. ज्येष्ठ नागरिक | ▪ जेष्ठ नागरिकलाई उचित पालनपोषण तथा संरक्षणको समस्या ।<br>▪ स्रोतमा पहुँच तथा नियन्त्रण कमि ।<br>▪ सन्तानहरु रोजगारी तथा अन्य कामका लागि घरबाहिर हुनु र एक्लै बढी समय बिताउनु पर्दा मानसिक समस्याको शिकारको सम्भावना रहनु । |
| ५.लैंगिक तथा यौनिक अल्पसंख्यक : | ▪ पहिचान हुन नसक्नु ।<br>▪ खुलेर समाजमा आउन नचाहनु ।<br>▪ समान अवसरबाट बञ्चित हुनु ।<br>▪ समाजबाट अपमानजनक ब्यबहार तथा बिभेदपुर्ण दृष्टिकोण राख्नु । |
| ६. धार्मिक अल्पसंख्यक | ▪<br>▪ जनचेतनाको कमी । |
| ७. अति बिपन्न समुदाय | ▪ सिमित र पाखो जग्गाजमिनबाट जिवन निर्बाह गर्न बाध्य<br>▪ भारतमुखी रोजगारी<br>▪ अशिक्षा र चेतनाको कमीका कारण बाल बिबाह, सामाजिक कुरीति लगायतका गलत सामाजिक प्रचलनबाट टाढा हुन नसक्नु । |

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

| | |
|---|---|
| | ▪ निर्णायक तहमा सहभागिताको पहुँच न्यून ।<br>▪ घरेलु मदिराको अत्याधिक सेवन |
| ८ द्धन्द पिडितका  सवाल | ▪ अझैसम्म पनि केही बेपत्ता व्यक्तिको अवस्था पत्ता नलाग्नु ।<br>▪ परिवारका सदस्य गुमाएका व्यक्तिहरुमा मानसिक समस्या  रहनु<br>▪ द्धन्द पिडितको उचित बर्गीरण नहुनु । |

**२.३. लैससास क्षेत्रमा क्रियाशिल सरोकारवाला बिश्लेषण :**




चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

परिच्छेद ३

## ३.१ चौरपाटी गाँउपालिकाकोSWOT Analysis

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र गाँउपालिका अन्तर्गतका समिति र संरचना निर्माणमा लक्ष्यित वर्गको समतामुलक पहुँच स्थापित गर्न लैगिंक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरण गर्न आवश्यक छ । यद्धपि यस गाँउपालिकाको सन्दर्भमा लैगिंक समानता र सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको सवल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती देहाय अनुसार रहेका छन ।

### ३.१.१ गाँउपालिकाको सवल पक्ष

–बजेट र स्थानीय सरकार

–आय आर्जनको सम्भावना

–दक्ष जनशक्ति

–प्राकृतिक श्रोत

–निर्वाचित जनप्रतिनिधिहरु

–नीति नियम

### ३.१.२ कमजोर पक्ष/सुधार गर्नुपर्ने पक्षहरु

–लैगिंक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण सम्बन्धी बुझाइमा एकरुपता नहुनु

–गाँउपालिकाको योजना तर्जुमा प्रक्रियामा लैससासको सवाल मुलप्रवाहीकरण नहुनु ।

–नियमितरुपमा लैंगिक उत्तरदायी बजेट परीक्षण नहुनु ।

–लैससासको लागि आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु ।

–लक्ष्यित वर्गको अवसर र लाभ वितरणमा न्यायोचित पहुँच सुनिश्चित हुन नसक्नु ।

–गाँउपालिकाबाट गठन हुने समिति र संरचनाहरुमा लैससासको भावना समेट्न नसक्नु ।

–बिभिन्न लक्ष्यित बर्ग, क्षेत्र र समुदायबिच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु ।

–बिभिन्न लिंग, वर्ग क्षेत्र, समुदाय र जातजातिबिच हुने व्यवहारगत बिभेद हट्न नसक्नु ।

– गाँउपालिकाको अनुगमन तथा मुल्यांमन र प्रतिवेदन प्रणालीले लैससास अवधारणालाइ अवलम्वन गर्न नसक्नु ।

### ३.१.३ अवसरहरु

–समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका व्यवस्थाहरु ।

–स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र अन्य कानुनहरु प्रभावकारीरुपमा कार्यान्वयनमा रहनु ।

–नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनएका प्रतिवद्धता

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

–स्थानीय सरकारले नै नीति, कानून निर्माण, नीति निर्माण गर्ने अधिकारले गाँउपालिकालाई लैससास मैत्री नगर बनाउने अवसर प्रदान गरेको ।

–संघीय तथा प्रदेश सरकारको लैससास मैत्री बजेट तथा कार्यक्रम अनुरुप गाँउपालिकालाई नीति तथा कानून बनाउने अवसर प्रदान गरेको

### ३.१.४.चुनौतीहरु

–गाँउपालिका अर्न्तगत समिति तथा संरचनालाई लैससासमैत्री कायम गर्न नसक्नु ।

–समाजमा विद्यमान रहेका हानिकारक सामाजिक मुल्यमान्यताहरु कायम हुनु ।

–लक्ष्यित वर्गको आयस्तरमा ज्यादै ठुलो असमानता ।

–लाभ बाँडफाँडमा वास्तविक लक्ष्यित वर्गको पहिचान र पहुँचमा सुनिश्चितता नहुनु ।

–विद्यमान कानूनी व्यवस्थाका बारेमा लक्ष्यित वर्गलाई सूसुचित गराउन नसक्नु ।

## ३.२ लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीतिको औचित्य

लैङ्गिक समानता तथा सामाजिक समावेशिताबारे नेपालको संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालले बिगतमा भोगेका समस्या तथा चुनौतिहरूलाई मध्यनजर गर्दै तिनीहरूको समाधान गर्न स्थानीयस्तरमा चौरपाटी गाँउपालिकाले यो रणनीतिको आवश्यकता महसुस गरेको छ । यसका साथै निम्न परिस्थितिले गर्दा पनि यो रणनीतिको आवश्यकता भएको हो :

**३.२.१** संबिधान प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, असहाय तथा दलित महिला, आदिवासी जनजाति, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई गाँउपालिकाका क्षेत्रमा न्यून गर्नुपर्ने भएकोले,

**३.२.२** माथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी संघीय सरकारबाट जारी भएका लैससास सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्यांकन प्रक्रिया र चौरपाटी गाँउपालिकाको कार्य सम्पादनमा लैससास सम्वोधन गर्ने गरि लैससास अवधारणासँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

**३.२.३** विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले,

**३.२.४** महिला, दलित, र बाल-बालिकामाथि हुने सबै प्रकारका हिंसा, बालविवाह, छाउपडी,छुवाछुत, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनि अभाव भएकोले,

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

३.२.५ यस क्षेत्रका महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले,

३.२.६ चौरपाटी गाँउपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरि महिला, दलित,द्वन्द पिडीत, तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

३.२.७चौरपाटी गाँउपालिकाको विद्यमान सामाजिक असमानता र बञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पँहुचको अवस्थाको सही रुपमा पहिचान गरि सो अनुरुप कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन पूनरावलोकन गर्न,

३.२.८ चौरपाटी गाँउपालिकाभित्र कार्यरत सरकारी कर्मचारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

३.२.९ महिला माथि हुने सवै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, वेइजिङ्ग घोषणा र सन् २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गरि चौरपाटी गाँउपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्नु पर्ने भएकोले ।

माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११, उपदफा २, बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी चौरपाटी गाँउपालिकाले यो "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण रणनीति, २०७९ तयार गरेको हो ।

**परिच्छेद ४**

**लैससास रणनीतिको लक्ष्य, उद्देश्य, मुल्यमान्यता र औचित्यता**

**४.१ दीर्घकालिन सोच**

समतामुलक तथा समृद्ध समाजको निर्माण

**४.२ . लक्ष्य**

सामाजिक तथा न्यायपुर्ण संस्थागत संरचना निर्माण र नीतिगत कार्यप्रणालीको अवलम्वन गरेर समतामुलक समृद्ध समाजको निर्माण भएको हुनेछ ।

**४.३ लैससास मूलप्रवाहीकरण रणनीतिको उद्देश्यहरु**

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरि चौरपाटी गाँउपालिकाले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका उद्देश्यहरू निम्न प्रकारका छन् :

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

- लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूलाई समाबेशी गरि, लैङ्गिक समानता र सबै जात, जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहीकरण गर्दै लैजाने ।
- गाँउपालिका एवं अन्य सेवा प्रदायक सरोकारवालासंस्थाहरू सहित लक्षित वर्ग/समूहको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने ।
- लैससासबारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।
- लैससास सम्बन्धी नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार बिभिन्न प्रतिष्ठान, आयोग, समिति, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र र अरु स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
- गाँउपालिकाबासी विशेषगरि महिला, बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने ।
- गाँउपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासको दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

### ४.४ लैससास मूलप्रवाहीकरण रणनीतिको औचित्यता

लैङ्गिक समानता तथा सामाजिक समावेशिताबारे नेपालको संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालले बिगतमा भोगेका समस्या तथा चुनौतिहरूलाई मध्यनजर गर्दै तिनीहरूको समाधान चौरपाटी गाँउपालिकाले प्रभावकारी रुपमा कार्यान्वयन गर्न यो रणनीतिको औचित्यता महसुस गरिएको हो । यसका साथै निम्न परिस्थितिले गर्दा पनि यो रणनीतिको आवश्यकता भएको हो :

**४.४.१** संबिधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, असहाय तथा दलित महिला, आदिवासी जनजाति, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत वर्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नु पर्ने भएकोले,

**४.४.२** माथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी संघीय सरकारबाट जारी भएका लैससास सम्बन्धि विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरू मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्यांकन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा लैससास सम्वोधन गर्ने गरि लैससास अवधारणा सँग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

**४.४.३** विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले,

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

४.४.४ महिला, दलित र बाल-बालिका माथि हुने सबै प्रकारका हिंसा, बालविवाह, छाउपडी, छुवाछुत, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनि अभाव भएकोले,

४.४.५ महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले,

४.४.६चौरपाटी गाँउपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरि महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नु पर्ने भएकाले,

४.४.७चौरपाटी गाँउपालिकाको विद्यमान सामाजिक असमानता र बञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पँहुचको अवस्थाको सही रुपमा पहिचान गरि सो अनुरुप कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन पूनरावलोकन गर्न,

४.४.८ चौरपाटी गाँउपालिका भित्र कार्यरत सरकारी कर्मचारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघ संस्था, सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन र स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

४.४.९ महिला माथि हुने सवै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, वेइजिङ्ग घोषणा र सन् २०३० सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि चौरपाटी गाँउपालिका तथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्ध रुपमा मूलप्रवाहीकरण तथा स्थानीयकरण यथाशीघ्र गर्दै लैजान र एकरुपता कायम गर्नु पर्ने भएकोले ।

## परिच्छेद ५

## लैससास सम्बन्धी प्रमुख नीति,रणनीति तथा कार्यनीतिहरु

### ५.१. लैससास मूलप्रवाहीकरण नीति

**५.१.१** चौरपाटी गाँउपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरि त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहीकरण गर्दै लगिने नीति लिनेछ । ।

**५.१.२** लैङ्गिक उत्तरदायी योजना तथा समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ । ।

**५.१.३** चौरपाटी गाँउपालिकाका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरि उनीहरूको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाँउपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने । ।

**५.१.४** लैससास बारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने नीति लिने ।

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

**५.१.५** लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवै सरोकारवालहरूसँग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**५.१.६** गरीब असहाय महिला, बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने नीति लिने ।

**५.१.७** सबै प्रकारका अनुगमन तथा मूल्यांकन प्रणालीमा लैससास उत्तरदायी दृष्टिकोण अपनाईने छ ।।

**५.२. लैससास मूलप्रवाहीकरण रणनीतिहरु**

**५.२.१ मूलप्रवाहीकरणः**

**क)** चौरपाटी गाँउपालिकामा महिला, दलित, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्य मार्फत पछाडि परेका  असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरूको समग्र गाँउपालिकाको विकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।

**ख)** लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाँउपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

**५.२.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण :**

विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका महिला, दलित, अशक्त, गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका  असक्त, गरीब तथा लक्षित वर्ग/समूहको गाँउपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपद् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्बःरोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

**५.२.३ संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकास :**

**क)** लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँग प्रभावकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि चौरपाटी गाँउपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससास प्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ ।

**खं)** स्थानीय नागरिक विशेष गरी पछाडि परेका  महिला, दलित, बाल-बालिका, आदिबासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्धि गरी गाँउपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरि आर्थिक तथा सामाजिक बिकास गरिनेछ ।

**५.२.४ समन्वय, सहकार्य र सहजीकरण :**

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

**क**) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार तथा विकास साझेदार संस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

**ख**) लैससास सम्बन्धी समुदायमा बढेको लैङ्गिक हिंसा तथा घरेलु हिंसालाई पनि ध्यानमा राख्दै, विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिनेछ ।

**५.२.५ सामाजिक संरक्षण र सुरक्षा :**

चौरपाटी गाँउपालिकाबासी विशेष गरि महिला, दलित, बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धी कार्यक्रमहरू लागु गर्दै लगिनेछ ।

**५.२.६ अनुगमन तथा मूल्यांकन :**

गाँउपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## ५.३. लैससास मूलप्रवाहीकरण कार्यनीतिहरु

**५.३.१ कार्यनीति (रणनीति ५.२.१ सगं सम्बन्धित)**

**क**) योजना, कार्यक्रम तथा बजेट चक्रमा यस गाँउपालिकाले लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्न पूँजीगत बजेटको कम्तिमा (महिला .... दलित...... बालबालिका......) ३५% वा ....... बजेट छुट्याइने छ । यसरी छुट्याइएको बजेट पछाडि परेका, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका गरीब, महिला, दलित, बाल-बालिका, आदिबासी जनजाति, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, द्वन्द्व पिडित,पछाडि परेको वर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तकृत समूह आदिलाई प्राथमिकता दिई उनीहरूलाई बिकासको मूलधारमा ल्याउन कार्यान्वयन गरिने छ ।

**ख**) बढी भन्दा बढी अर्थपूर्ण जनसहभागीता सुनिश्चत गर्न संस्थागत सयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गरिने छ ।

**ग**) सेवा प्रवाह संयन्त्र र प्रक्रिया लैससासमैत्री हुने गरि सुधार एवम् विकास गरिने छ ।

**घ**) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमा तथा लैङ्गिक लेखाजोखा बिधिलाई लैङ्गिक पूर्णरुपमा कार्यान्वयनमा ल्याउनेछ ।

**ङ**) चौरपाटी गाँउपालिकाको समग्र बिकास योजना तर्जुमा प्रक्रियामा महिला तथा वञ्चितीकरणमा परेका तथा अपांङ्गता भएका व्यक्तिहरुका लागि विद्यमान प्रावधानहरू र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक योजना र कार्यक्रमहरू सघन एवं निरन्तर सञ्चालन गरिने छ ।

**च**) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषयसमेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजी कार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागु गरिने छ ।

**छ**) लैङ्गिक उत्तरदायी योजना तथा वजेट मार्फत नतिजामूखी आवधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गरिने छ ।

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

**ज**) लैङ्गिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरू निर्धारण गरी यसका प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैंङ्गिक उत्तरदायी बजेट सुनिश्चित गरिने छ ।

**झ**) लैङ्गिक उत्तरदायी योजना तथा वजेटलाई चौरपाटी गाँउपालिकाले आन्तरिकरण गरि यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गर्नेछ ।

**ञ**) चौरपाटी गाँउपालिकाको लैससास सम्बन्धी समन्वय र कार्यान्वयन समितिले गाँउपालिकाको आवधिक/बार्षिक योजनामा लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन भए नभएको सुनिश्चित गर्नेछ ।

**ट**) लैङ्गिक उत्तरदायी योजना तथा वजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सूचनालाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्नेछ ।

**ठ**) सेवाप्रदायक निकायका सरोकारवालाहरूलाई लैङ्गिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धी सीप विकास गर्नेछ ।

**ड**) सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धी सूचना तथा जानकारी नियमित रुपमा प्रदान गर्ने प्रबन्ध गरिनेछ । यसका लागि आम सञ्चार माध्यमको प्रयोग गरिनेछ ।

**ढ**) सबै सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरि गाँउपालिकाबासीलाई आउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपद्हरूको व्यवस्थापन गरिने छ ।

**ण**) कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास एवं प्रबर्द्धन गरि गाँउपालिका बासीकालागि स्वरोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

### ५.३.२ कार्यनीति (रणनीति ५.२.२ सगं सम्बन्धित)

**क**) गाँउपालिकाले स्थानीय शासनसँग सम्बन्धित बिभिन्न ऐन, नियम, कानुन, नीति, नियमहरूको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरूलाई संलग्न गराई लैससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गर्न सक्नेछ ।

**ख**) खण्डीकृत तथ्याँक र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण गरि गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गर्नेछ ।

**ग**) महिला, दलित, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुँच तथा नियन्त्रणमा बृद्धि गर्ने कार्यनीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्नेछ ।

**घ**) विविधताको सम्मान गर्दै विपन्न बर्गहरूसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिने छ ।

### ५.३.३ कार्यनीति (रणनीति ५.२.३ सगं सम्बन्धित)

**क**) लैससासका लागि संस्थागत र व्यक्तिगत दुबै क्षमता बिकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

**ख**) गाँउपालिकाको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी, समूहहरू तथा नागरिक समाजको क्षमता विकास गरिने छ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

ग) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनीतिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरूसगको निरन्तर अभिमूखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी गाँउपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेकाहरूका लागि विद्यमान प्रावधानहरू र गाँउपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतनामूलक कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गरिने छ ।

घ) लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवं समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरि निर्धारण र कार्यान्वयन गरिने छ ।

ङ)गाँउपालिकाको जनप्रतिनिधीहरु एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मुलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाइने छ ।

च) लैससास सम्बन्धी जानकारीमुलक र सुचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरू तयार गरि समयानुकूल सुधार गरि कार्यान्वयनमा ल्याईने छ ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरि निर्धारण गराईनेछ ।

ज) गाँउपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गरिने छ ।

**५.३.४ कार्यनीति (रणनीति ५.२.४ सगं सम्बन्धित)**

यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवं विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र, सामुदायिक समूहहरू तथा नागरिकहरू बीच तल उल्लेख गरे अनुसार साझेदारी, समन्वय, सहकार्य र सहजीकरण गरिने छ ।

| समन्वय, सहकार्य, सहजीकरण र साझेदारीका लागि संभाव्य संस्थाहरू | संभावितकार्य तथा भूमिका |
|---|---|
| संघीय, प्रादेशिक र स्थानीय सरकार | –लैससासलाई राष्ट्रिय नीतिहरूमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत व्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br><br>–लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने ।<br><br>– लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि संघयि र प्रदेशसरकार सँग समन्वय कायम गर्ने ।<br><br>– लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण |

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश

| | |
|---|---|
| | कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br><br>– महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने । |
| महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय,द्वन्द्व पिडित, एकल महिला, अपाङता तथा जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी, युवा आदि वञ्चित समूहहरू । | –खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्न समन्वय, सहकार्य सहजीकरण गर्ने |
| बिकास साझेदार सस्थाहरू | – संघयि, प्रदेश एवम् स्थानीय सरकारहरूको लैससास सम्बन्धी बाधा र क्षमता बिकासको अवस्था विश्लेषण गर्ने कार्यमा सहयोग र साझेदारी गर्ने ।<br><br>– लैससासलाई केन्द्रदेखि स्थानीय तहसम्म एकिकृत गरि अनुगमन, मूल्यांकन र रिपोर्टिंग गर्ने प्रक्रियामा सहयोग र साझेदारी गर्ने ।<br><br>– यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि केन्द्र, प्रदेश एवम् स्थानीय तहमा सहयोग, समन्वय, सहकार्य र सहजीकरण गर्ने |
| नागरिक समाज, गैसस तथा निजी क्षेत्र | –महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउन समन्वय र सहकार्य गर्ने |
| स्थानीय समुदाय | –आफ्नो बस्तीका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br><br>–वस्ती स्तरबाट माग गर्नुपर्ने योजनामा महिला, दलित तथा पिछडिएका समुदायको सकिय सहभागिता गराउनका लागि समन्वय गर्ने ।<br><br>– लैससास दृष्टिकोणबाट योजना प्रगति एवम् चुनौतीहरूको आफै अनुगमन गर्ने ।<br><br>–महिला, दलित तथा पिछडिएको समूहको विकास गर्न विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै वहस सञ्चालन गराउनको लागि समन्वय गर्ने ।<br><br>– पिछडिएका वर्गहरूको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तीकरण गर्नका लागि समुदायसँग समन्वयन गर्ने ।<br><br>– लैङ्गिक समानता प्राप्तिको लागि प्रत्येक घर परिवारमा सचेतीकरण गर्नको |

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

| | |
|---|---|
| | लागि समन्वय गर्ने ।<br>– महिलाले घरमा गर्ने भूमिकालाई उत्पादकत्वमूखी बनाउन सहयोग गर्नको लागि समन्वय तथा सहकार्य गर्ने ।<br>– यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने |

**५.३.५ कार्यनीति (रणनीति (रणनीति ५.२.४ सगं सम्बन्धित)**

गरीब असहाय महिला, दलित, बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्न कार्यनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धी कार्यक्रमहरू लागु गर्दै लैजाने ।

**५.३.६ कार्यनीति ( (रणनीति ५.२.५ सगं सम्बन्धित)**

**क)** गाँउपालिका अन्तर्गत संचालन भएका योजना तथा कार्यक्रम र गाँउपालिकाआफै लैससास उत्तरदायी भए नभएको वस्तुगत सूचक र मापदण्ड तयार गरि अनुगमन तथा मूल्यांकन गर्ने ।

**ख)** लैससास शाखाले अनुगमन तथा मूल्याँकन शाखासँग कार्यविधि, निर्देशिका, फेमवर्क तथा अन्य योजना तथा कार्यक्रमको मूल्यांकन गर्दा लैससासको अवस्था प्रष्ट्याउने गरी खण्डिकृत तथ्यांकलाई आधार बनाउन समन्वय र सहयोग गर्ने ।

**ग)** गाँउपालिकाले सञ्चालन गर्ने योजना तथा कार्यक्रमको मूल्याँकन प्रणालीमा सुधार गरि लैससासमुखी बनाउन उद्देश्य र सूचकहरू लैससासका आधारमा खण्डिकृत गर्ने ।

**घ)** खण्डिकृत तथ्याङ्क संकलन र उपलब्ध गराउने प्रक्रियालाई संस्थागत गर्ने र त्रैमासिक र बार्षिक प्रतिवेदनमा खण्डिकृत तथ्याङ्क सम्मिलित प्रतिवेदन पेश गर्ने ।

**ङ)** लैससास शाखाले लैङ्गिक तथा सामाजिक समाबेशी सम्बन्धी अध्ययन अनुसन्धान गरी प्रभाव मूल्यांकन, असल अभ्यास, कार्यशैलीको रुपान्तरण जस्ता बिषयको अभिलेखिकरण गर्ने र सोबाट प्राप्त सिकाईलाई सरोकारवालासँग साझेदारी गर्ने र तद्अनुरुप स्रोतको परिचालन गर्ने ।

**च)** लैससास शाखाले लैससास सम्बन्धी नीतिलाई कार्यान्वयन गर्दा आएका समस्या र बाधा व्यबधानलाई आवधिक रुपमा समीक्षा गर्ने, त्यसका लागि बजेट व्यबस्था गर्ने र आवश्यकता अनुसार परामर्शदाताको सहयोग लिने ।

**छ)** गाँउपालिकामा गठित लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन कार्यन्वयन समितिको कार्यलाई लैससास उत्तरदायी बनाउन लैससास महाशाखा/शाखाको समन्वय तथा सहकार्यमा लैससास सम्बन्धी सूचकहरूको पहिचान गर्ने, अनुगमन तथा मूल्यांकन ढाँचामा समाबेश गर्ने, खण्डिकृत प्रारम्भिक तथ्यांक संकलनका लागि स्पष्ट ढाँचा बनाउने र प्रगति विवरणमा समेट्न मार्ग-निर्देशन गर्ने र सोका लागि अभिमूखीकरण गर्ने ।

**ज)** सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरि संस्थागत गर्ने । यी क्रियाकलापहरूमा महिला, दलित, बाल-बालिका, आदिवासी जनजाति, पिछडिएका समुदाय आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गर्ने ।

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

## परिच्छेद ६ लैससास रणनीति कार्यान्वयन तथा अनुगमन

### ६.१लैससास रणनीति कार्यान्वयनको लागि कार्ययोजना

| क्र. सं. | प्रमुख क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगि निकाय तथा सरोकारवाला | वार्षिक श्रोतको परिचालन | समय सिमा |
|---|---|---|---|---|---|
| १ | गाँउपालिका जनप्रतिनिधि र सरोकारवाला निकाय बिचमा लैससास मूलप्रवाहीकरण रणनीतिको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने | चौरपाटी गाँउपालिका | विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको ३ महिना भित्र |
| २ | गाँउपालिका र यसका सबै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, र त्रैमासिक रुपमा समिक्षा गर्ने | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ३ | गाँउपालिकामा लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको क्रमश विकास गर्दै जाने | महिला तथा बालबालिका शाखा, सामाजिक विकास शाखा तथा योजना शाखा, गाँउपालिकाका कार्यालय | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको तिन महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास निरन्तर रुपमा बर्षभरी |
| ४ | प्रत्येक ३/३ बर्षमा विद्यमान ऐन कानुन, नीति, मापदण्ड, कार्यविधि तथा लैससास रणनीतिको पुनरावलोकन गर्ने र समसामयिक रुपमा परिमार्जन तथा | गाँउपालिकाका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु। | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी |

चौरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुदूरपश्चिम प्रदेश चौरपाटी, अछाम

| | | | | | |
|---|---|---|---|---|---|
| | संसोधन गर्ने । | | | | |
| ५ | गाँउपालिकाका वडामा नितिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडामा लैससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गन | बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, गाँउपालिकाका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको छ महिना भित्र |
| ६ | लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने परिपाटीको विकास गर्ने | गाँउपालिकाका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | कम्तीमा वर्षको एकचोटी हरेक आर्थिक वर्षको अन्तमा |
| ७ | नीति कार्यान्वनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा | विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएपछी प्रत्येक ६/६ महिनामा |
| ८ | गाँउपालिकाको नियमित बजेटबाट प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, | विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अन्र्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ | नीति स्वीकृत भएको तिन महिना भित्र |

### ६.२ संस्थागत संरचना/ब्यबस्था

### ६.२.१ विभिन्न समितिहरूको गठन :

संघीय ब्यबस्था अनुसार गाँउपालिकाले विभिन्न समितिहरू गठन गरि यस रणनीतिको प्रभावकारी कार्यान्वयन तथा अनुगमन समिति गठन गरि तल दिए अनुसार सबै तहमा कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व प्रदान गर्नेछ ।

(क) **चौरपाटी गाँउपालिकामा लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन गर्न निम्नानुसारको एक समिति रहने छ ।**

| क्र.स | विवरण | पद |
|---|---|---|
| १ | गाँउपालिका प्रमुख | संयोजक |
| २ | गाँउपालिका उप प्रमुख | सदस्य |
| ३ | कार्यपालिकाका सदस्यहरू मध्येवाट (एक जना महिला सहित) २ जना | सदस्य |
| ४ | गाँउकार्यपालिकाद्धारा मनोनित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्था मध्येवाट बढीमा २ (एक जना महिला सहित) जना सदस्य | सदस्य |
| ५ | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ६ | इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ७ | नेपाल पत्रकार महासंघ जिल्ला शाखा अध्यक्ष | सदस्य |
| ८ | गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ९ | गाँउपालिकाको विषयगत शाखा/महाशाखा प्रमुख | सदस्य सचिव |

(ख) गाँउपालिका **लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरीबेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

१. गाँउपालिका भित्रका महिला, दलित, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

२. लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदायको समग्र स्थितिको अध्ययन गरि तत् सम्बन्धी गर्नु पर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने ।

३. संघ तथा प्रदेश सरकार बाट भएका रणनीति, नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४. यस नीतिसंग सम्वन्धित कार्यकम तथा योजना कार्यन्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने ।

५. गाँउपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

६. लैससाससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धी, सम्झौताहरूको समन्वय, सहकार्य, सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।

७. गाँउपालिका क्षेत्रभित्र लैससाससंग सम्वन्धि काम गर्ने संघ-संस्थाहरुसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

**(ग) गाँउपालिकालैससास रणनीति समन्वय, सहजीकरण, कार्यान्वयन, सूपरिबेक्षण तथा अनुगमन समितिको बैठक र निर्णय :**

१. समितिको बैठक चौमासिक रुपमा बस्ने छ तर आवश्यक परेको समया जुनसुकै बेला पनि बैठक बस्न सकिने छ ।

२. समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३. समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य- सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

४. समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५.समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा नगर उपप्रमुखले अध्यक्षता गर्नेछ ।

६. समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(घ) वडास्तरीय समिति** :

गाँउपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ । जसमा देहाय बमोजिका पदाधिकारीहरु रहनेछन् :

| क्र.स | विवरण | पद |
|---|---|---|
| १ | सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| २ | सम्वन्धित वडाका वडा सदस्यहरू | सदस्य |
| ३ | सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्यगर्ने व्यक्ति वा संस्थावाट मनोनित गरेका वढीमा २ (एक जना महिला अनिवार्य) जना सदस्यहरू | सदस्य |
| ४ | सम्बन्धीत वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक | सदस्य |
| ५ | सम्बन्धीत वडाको स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| ६ | सम्वन्धित वडाको वडा सचिव | सदस्य सचिव |

**(ङ) वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार :**

१. वडा भित्रका महिला, बाल-बालिका, दलित, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२. वडा भित्रका महिला, दलित, बाल-बालिका, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायकोहकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम बनाई वडामा पेश गर्ने।

३. वडाभित्र योजना छनौट प्रकृयामा महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक आदि समुदायको अर्थपूर्ण सहभागिता अनिवार्य गर्ने गराउने।

४.वडाका सबै संरचनाहरूमा ५० प्रतिशत महिलाको सहभागिताको सुनिश्चिता गर्ने ।

५. यस नीतिसंग सम्वन्धित कार्यकम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरूको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने ।

६. वडाको वार्षिक तथा आवधिक योजना, कार्यकम तथा बजेट लैससास उत्तरदायि वा संवेदनशिल भए नभएको सुनिश्चित गर्ने, विश्लेषण गर्ने र वर्षको अन्तिममा नियमित लैससास परीक्षण गराउन सहजीकरण गर्ने ।

७. वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा तथा घरेलु हिंसाको उजुरी गर्ने प्रचलन अति न्यून रहेको, उजुरी भै हाले पनि उजुरी कर्ताको सुरक्षाको निम्ती कुनै व्यवस्था नरहेकाले वडा कार्यालयको कार्यक्षेत्र भित्र लैङ्गिक हिंसा, बालविवाह, छाउपडी प्रथा, छुवाछुत, घरेलु हिंसा र दुरर्व्यवहार सम्बन्धी विषयमा प्राप्त गुनासाहरू लैससास नीति समन्वय, सहजीकरण, कार्यान्वयन, सुपरीबेक्षण तथा अनुगमन समितिलाई जानकारी गराउने र आवश्यक समन्वय गर्ने गराउने ।

८. लैससासको अवस्था विश्लेषण गर्न गराउन आवश्यक समन्वय गर्ने ।

९. लैससास सम्बन्धित आचारसहिंता निर्माण गर्न सहजिकरण गर्ने ।

१०.लैससासमा काम गर्ने आन्तरिक र बाह्य संध-सस्थासँग समन्वय र सहकार्य गर्ने ।

**६.२.२ गुनासो व्यवस्थापन :**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले नगर तथा वडा कार्यालयको कार्य क्षेत्र भित्र लैङ्गिक हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी विषयमा आफ्ना गुनासा तथा सुझावहरू भए निर्वाध रुपमा कानुन बमोजिम राख्न सक्नेछन् । यस्ता गुनासोहरूको व्यवस्थापन गर्न नगर तथा वडा कार्यालयमा कम्तीमा एक-एक जना महिला तथा पुरुषलाई सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

**क) गुनासोहरूको संकलन, दर्ता तथा व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरू देहाय बमोजिम हुनेछ ।**

- महिलाहरूको तर्फबाट
- पुरुषहरूको तर्फबाट

**ख) सम्पर्क व्यक्तिहरूको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छ :**

- वडावासीहरूलाई गुनासो व्यवस्थापन सयन्त्रको बारेमा जानकारी दिने र सचेत गराउने ।
- वडामा विभिन्न माध्यमबाट आएका लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा र दुर्व्यवहार सम्बन्धी घटनाहरूको दर्ता गरी अभिलेख राख्ने ।
- यस्ता गुनासोहरूको व्यवस्थापन तथा आवश्यक कारबाहिको लागि वडा कार्यालय र लैससास समितिलाई जानकारी गराउने ।
- वडा कार्यालय र लैससास समितिसँग सहकार्य गरि हिंसा पीडितलाई आवश्यक सहयोग गर्ने ।
- सम्बोधन गरिएका गुनासोहरूको अभिलेख राख्ने र सम्बन्धित गुनासोकर्तालाई गुनासो प्राप्त भैसके पछि र सम्बोधन भए पश्चात जानकारी गराउने ।
- गुनासोहरूको उपयुक्त (सम्मान, सम्वेदनशीलता, पारदर्शी र समय आदि) तरिकाले व्यवस्थापन भैरहेको सुनिश्चत गर्ने ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम

- आवश्यक परे कानुनी सहयोगका लागि सहजीकरण गर्ने ।
- सम्बोधन भएका गुनासोहरुको अनुगमन गरी प्रभावकारीताको लागि सुनिश्चिता गर्ने ।

**ग) गुनासा तथा सुझावहरू प्राप्त गर्ने तरिका :**

सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले वडा कार्यालयको कार्य क्षेत्र भित्र पर्ने विषयमा आफ्ना गुनासा तथा सुझावहरू निम्न उल्लेखित तरिकावाट राख्न सक्नेछन:

- ❖ आफ्ना गुनासो वडा कार्यालयवाट उपलब्ध गराईएको गुनासो फारम भरि यस वडा भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्नेछन ।
- ❖ गाँउपालिका कार्यालयमा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरू मार्फत राख्न सक्दछन् ।
- ❖ गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासाहरू माथि उल्लेखित कुनै पनि माध्यमवाट सोझै वडा कार्यालयमा दिन सक्दछन्।

**६.३ रणनीति कार्यान्वयनमा आउन सक्ने सम्भावित तथा जोखिम न्यूनिकरणका उपायहरु:.**

यस नगरपालिकाको तयार पारिएको लैससास मूलप्रवाहीकरण रणनीति प्रभावकारी कार्यान्वयनको समयमा आउन सक्ने सम्भाब्य समस्या, चुनौती तथा जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अवलम्बन गरिने छ

।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | तथ्याङ्कमा आधारीत योजना तर्जुमा तथा अनुगमन पद्धतीको बिकास गर्ने । |
| २. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमिकतामा नपर्नु । | लैससास मूलप्रवाहीकरण रणनीतिलाई प्राथमितामा राख्ने नीतिगत ब्यवस्था गर्ने तथा यस सम्बन्धी समान बुझाई बनाउन अभिमूखिकरण गर्ने । |
| ३. | आर्थिक स्रोतको कमि हुनु । | स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गरीने । |
| ४. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमिति साझा वैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका ब्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |

**परिच्छेद ७रणनीतिको पुनरावलोकन तथा सुधार :**

यस रणनीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मुल्याकंनको आधारमा आवश्यकता अनुसार पुनरावलोकन तथा सुधार गरिने छ ।

**परिच्छेद ८. बाधा अडचन फुकाउने** यस रणनीतिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा यस रणनीतिका प्रावधानलाई प्रतिकुल असर नपर्नेगरी चौरपाटी गाँउपालिकाले बाधा अड्चन फुकाउन सक्नेछ ।

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश

## अनुसुची १

**लैससास मुलप्राहीकरण रणनीति निर्माण क्रममा अध्ययन तथा बिश्लेषण गरिएका दस्तावेजहरुको सुची :**

- गाँउपालिकाको पार्श्वचित्र
- नेपालको संबिधान २०७२
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन लैससास सम्बन्धी अन्तराष्ट्रिय महासन्धी तथा प्राबधानहरु

..........................

प्रमुख प्रशासकीय अधिकृत

चौरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश
चौरपाटी, अछाम